# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, असोज २० गते, २०८१ साल (अतिरिक्ताङ्क २०


## भाग १

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको ऐन नं ४

## केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**: प्रचलित गण्डकी प्रदेश ऐनमा समसामयिक सुधार गर्न केही गण्डकी प्रदेश ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ मा संशोधनः** गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को,-

(१) दफा ४ को,-

(१) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) प्रदेश न्याय सेवा,"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रदेश निजामती सेवाको आर्थिक योजना तथा तथ्याङ्क सेवा र विविध सेवामा समायोजन भएका कर्मचारीलाई उपदफा (१) को खण्ड (घ) को सेवामा तोकिए बमोजिमको समूहमा कायम गरिनेछ।"

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) उपदफा (१) को खण्ड (ख) बमोजिम गठन हुने प्रदेश न्याय सेवाका कर्मचारीहरुको सेवा शर्त सम्बन्धी व्यवस्था नेपालको संविधानको धारा १५६ बमोजिम हुनेछ।"

(२) दफा ९ को उपदफा (११) को सट्टा देहायको उपदफा (११) राखिएको छः-

"(११) उपदफा (१) र (२) मा उल्लिखित अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदमा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा, अन्य प्रदेशका प्रदेश निजामती सेवा र जुनसुकै स्थानीय तहको स्थानीय सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा

गरेका र पूर्ति हुने पदका लागि तोके बमोजिमको शैक्षिक योग्यता हासिल गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछन्।”

(३) दफा १४ को उपदफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर प्रदेश स्वास्थ्य सेवाको कुनै पदमा योग्यता प्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीलाई देहायको अवस्थामा करार सेवामा काममा लगाउन सकिनेछः-

(क) कुनै चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहेको अवस्थामा अध्ययन वा असाधारण विदामा बसेको अवधिभर,

(ख) प्रदेश स्वास्थ्य सेवाको कुनै पद कुनै कारणवश रिक्त हुन गई सोको माग आकृति फाराम भरी आयोगमा पठाई सकेको तर पदपूर्ति भइनसकेको अवधिभर।"

(४) दफा १६ मा रहेका “कानून सेवा” भन्ने शब्दहरुको सट्टा “न्याय सेवा” भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २८ को उपदफा (२) पछि देहायको उपदफा (२क) र (२ख) थपिएका छन्;-

“(२क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्र अनंकित द्वितीय श्रेणीको पदमा कार्यरत रही समायोजन ऐन बमोजिम चौथो/पाँचौ तहको पदमध्ये सहायक पाँचौ तहमा समायोजन भई आएका कर्मचारीलाई समायोजन भएको मितिदेखि ज्येष्ठता लागू हुने गरी पाँचौ/छैठौं तहको पदमा अख्तियारवालाले कायम गरिदिनेछ।

(२ख) उपदफा (२क) को प्रयोजनका लागि सम्बन्धित मन्त्रालयमा विशेष दरबन्दी सिर्जना हुनेछ। कुनै कारणबाट उक्त पद रिक्त भएमा सहायकचौथो तहको पद रिक्त भएको मानिनेछ।"

(६) दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः-

"३०. **<u>सचिव नियुक्ति सम्बन्धी व्यवस्थाः</u>** (१) एघारौं तहमा कार्यरत कर्मचारीमध्येबाट ज्येष्ठता र कार्यकुशलताको आधारमा छनौट गरी प्रदेश सरकारले सम्बन्धित सेवाको सचिव पदमा नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम सचिव पदमा नियुक्ति हुन प्रदेश सरकारले तोकेको उच्चस्तरीय व्यवस्थापन तालिम लिनुपर्नेछ।"

३. **स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा संशोधनः** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को,-

(१) दफा १० को उपदफा (११) को सट्टा देहायको उपदफा (११) राखिएको छः-

"(११) उपदफा (१) र (२) मा उल्लिखित अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदमा संघीय निजामती सेवा, जुनसुकै प्रदेश निजामती सेवा, जुनसुकै स्थानीय तहको सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र पूर्ति हुने पदका लागि तोके बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।"

(२) दफा १५ को उपदफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर स्थानीय स्वास्थ्य सेवाको कुनै पदमा योग्यता प्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीलाई देहायको अवस्थामा करार सेवामा काममा लगाउन सकिनेछः-

(क) कुनै चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहेको अवस्थामा अध्ययन वा असाधारण विदामा बसेको अवधिभर,

(ख) स्थानीय स्वास्थ्य सेवाको कुनै पद कुनै कारणवश रिक्त हुन गई सोको माग आकृति फाराम भरी आयोगमा पठाई सकेको तर पदपूर्ति भइनसकेको अवधिभर।"

(३) दफा २७ को उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थपिएका छन्:-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्र अनंकित द्वितीय श्रेणी वा सो सरहको पदमा कार्यरत रही समायोजन ऐन बमोजिम चौथो/पाँचौ तहको

पदमध्ये सहायक पाँचौ तहमा समायोजन भई आएका कर्मचारीलाई समायोजन भएको मितिदेखि ज्येष्ठता लागू हुने गरी पाँचौ/छैठौं तहको पद अख्तियारवालाले कायम गरिदिनेछ।

(१ख) उपदफा (१क) को प्रयोजनका लागि कार्यालयमा विशेष दरबन्दी सिर्जना हुनेछ। कुनै कारणबाट उक्त पद रिक्त भएमा सहायक चौथो तहको पद रिक्त भएको मानिनेछ।"

(४) दफा २९ झिकिएको छ।

(५) परिच्छेद - १२ को ठाउँ ठाउँमा रहेका "कानून सेवा" भन्ने शब्दहरुको सट्टा "न्याय सेवा" भन्ने शब्दहरु राखिएका छन्।

४. <u>**गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा संशोधन:**</u> गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को,-

(१) दफा १८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको सुविधा दिंदा आर्थिक मामिला हेर्ने मन्त्रालयको स्वीकृति लिई खर्चको मापदण्ड बनाउनु पर्नेछ।"

(२) दफा २० को उपदफा (१) मा रहेका "लोक सेवा" भन्ने शब्दहरु झिकिएका छन्।

(३) दफा ५९ झिकिएको छ।

५. <u>**गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ मा संशोधन:**</u> गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ को,-

(१) दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-

"२२. <u>**प्रदेशस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति:**</u> (१) प्रदेशमा दिगो सरसफाइ सेवा प्रदान गर्न देहाय बमोजिमको प्रदेशस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव - सदस्य

(घ) प्रदेशस्तरको खानेपानी उपभोक्ता

महासंघको अध्यक्ष - सदस्य

(ङ) अध्यक्ष, प्रदेश स्तरीय नेपाल नगरपालिका संघ -सदस्य

(च) अध्यक्ष, प्रदेश स्तरीय गाउँपालिका महासंघ - सदस्य

(छ) खानेपानी तथा सरसफाइ सम्बन्धी विज्ञहरुमध्ये मन्त्रालयबाट मनोनित १ जना महिला सहित २ जना - सदस्य

(ज) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार समितिले सरोकारवाला निकायका प्रतिनिधि वा सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम,कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक बर्षको कम्तिमा एक पटक बस्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले तोके बमोजिम हुनेछ।"

(६) दफा ३७ पछि देहायको दफा ३७क. थपिएको छः-

"**३७क.<u>समन्वय तथा साझेदारी गर्न सक्नेः</u>** प्रदेश सरकारले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार र स्थानीय तहसँग आवश्यक समन्वय तथा साझेदारी गर्न सक्नेछ।"

(७) दफा ४३ को सट्टा देहायको दफा ४३ राखिएको छः-

"**४३. <u>नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकार</u>**ः (१) यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका विषयमा नियमहरु बनाई कार्यान्वयन गर्न सक्नेछः-

(क) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सञ्चालन तथा व्यवस्थापन,

(ख) प्रदेशभित्रका स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयारी सम्बन्धी,

(ग) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको अनुमतिपत्र तथा सर्वेक्षण अनुमतिपत्र दस्तुर, नवीकरण शुल्क सम्बन्धी,

(घ) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको निर्धारण, धारा तथा मिटर जडान सम्बन्धी, ढल सेवाको शुल्क सम्बन्धी,

(ङ) पानीको थोक खरिद तथा बिक्री सम्बन्धी,

(च) खानेपानीको गुणस्तर तथा मापदण्ड,

(छ) प्रयोगशालाको स्थापना तथा सञ्चालन सम्बन्धी,

(ज) निजी क्षेत्रसँग साझेदारी गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी,

(झ) खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता समिति, सहकारी तथा सेवा प्रदायक संस्था गठन तथा सञ्चालन सम्बन्धी,

(ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको निगरानी, अनुगमन तथा नियमन सम्बन्धी,

(ट) स्वच्छ तथा गुणस्तरीय खानेपानी वितरण सम्बन्धी,

(ठ) ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयहरू।

(३) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही प्रदेश सरकारले कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।"

६. **<u>गण्डकी प्रदेश वन ऐन, २०८० मा संशोधनः</u>** गण्डकी प्रदेश वन ऐन, २०८० को,-

(१) दफा १३ को,-

(१) उपदफा (२) मा रहेका "प्रदेश सञ्चित कोष" भन्ने शब्दहरूको सट्टा "प्रदेश विभाज्य कोष" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः

"(२क) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमको साठी प्रतिशत प्रदेश सरकार र बाँकी चालीस प्रतिशत सम्बन्धित वन क्षेत्र रहेको स्थानीय तहबीच बाँडफाँट हुनेछ।"

(२) दफा ३५ को,-

(१) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपभोक्ता समूहले आफ्नो समूहभित्र काठ दाउरा बिक्रीबाट प्राप्त रकमको दश प्रतिशत प्रदेश सञ्चित कोषमा र आफ्नो समूह बाहिर काठ दाउरा बिक्रीबाट प्राप्त रकमको तीस प्रतिशत रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।"

(२) उपदफा (५) मा रहेका "प्रदेश सञ्चित कोष" भन्ने शब्दहरूको सट्टा "प्रदेश विभाज्य कोष" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ४८ को उपदफा (४) मा रहेका "प्रदेश सञ्चित कोष" भन्ने शब्दहरूको सट्टा "प्रदेश विभाज्य कोष" भन्ने शब्दहरु राखिएका छन्।

आज्ञाले,
धर्मराज कुइकेल
प्रदेश सरकारको सचिव

प्रमाणीकरण मितिः २०८१।०६।२०

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु. १०।-